प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, इलाम

प्रदेश नं. १, नेपाल

Email: akcillam@gmail.com

मितिः २०७७/१२/२२

**विषयः यो जो संग सम्बन्धित छ।**

प्रस्तुत विषयमा कृषि ज्ञान केन्द्र, ईलामको चालु आ.व. को वार्षिक स्वीकृत कार्यक्रमहरु संचालन गरी कार्य सम्पन्न गरिसकेका कृषक/कृषि फर्म/कृषक समुह/कृषि सहकारीहरुलाई भुक्तानी मागको लागि तपशिल बमोजिमका आवश्यक कागजातहरु अनिवार्य रुपमा संलग्न गरी कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ।

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

१) भुक्तानी मागको लागि रु. १० को टिकट टाँस गरेको निवेदन।

२) समुह/ सहकारीको हकमा भुक्तानी माग्न गरेको निर्णयको प्रतिलिपि।

३) कार्य सम्पन्न गरी गरेको सार्वजनिक सुनुवाईको प्रमाणको प्रतिलिपि (माईन्युट र फोटोहरु)।

४) समाग्री वितरण गरेको फोटो, स्थानिय जनप्रतिनिधि, कृषि ज्ञान केन्द्रका प्रतिनिधि, स्थानिय तह, कृषि विकास शाखाका प्रतिनिधिले वितरण गर्दै गरेको फोटो, अन्य छिमेकीहरु समेत उपस्थिति भएको माइन्युटको प्रतिलिपी।

५) सम्झौता बमोजिमको कार्य गर्न कार्यालयले दिएको फर्मेट अनुसार तयार पारिएको कार्ययोजना (Action Plan) को प्रतिलिपी।

६) समुह/सहकारीको हकमा खरिद ईकाइ गठन गर्न गरेको समितिको निर्णय र खरिद ईकाइको विवरण(नामथर, पद, ठेगाना र सम्पर्क नं)।

७) कृषि समाग्री खरिद गर्दा १ लाख देखी ५ लाख सम्मको हकमा Quatation सुचना, ५ लाख भन्दा माथीको हकमा शिलबन्दी दरभाउ पत्र प्रकाशन गरेको प्रमाणको प्रतिलिपी।

८) समाग्री खरिद गर्नको लागि खरिद ईकाइलाइ आदेश दिन गरेको समितिको निर्णयको प्रमाणित प्रतिलिपी।

९) कृषि समाग्री वितरणको लागि कृषकबाट आएको माग संकलन, छनौट भएका कृषकको विवरण (नाम थर, ठेगाना र सम्पर्क नम्बर अनिवार्य रुपमा) र सम्बन्धित कृषकले कृषि समाग्री बुझिलिएको भरपाईको प्रमाणित प्रतिलिपी।

१०) भवन निर्माणको हकमा लागत अनुमान, नक्सा, ठेक्का बिल, Mesaurement Sheet, कार्य सम्पन्न प्रतिवेदन, नापी किताव, अन्य बिलहरु, भरपाई, डोर हाजिरी चुस्त दुरुस्त, सार्वजनिक सुनुवाइ गरेको प्रमाणको प्रतिलिपि (समितिको माइन्युट, उपस्थिति, फोटोहरु), संचालन प्रकृयाको प्रमाणित प्रतिलिपी।

२०७७/१२/२३
टेनी बर्देवा
निमित्त प्रमुख

११) भवन निर्माणको हकमा यदि जग्गा करारमा लिएको भए, करारनामा पत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने छ।

१२) समाग्री खरिद गरेको बिल भरपाईमा खरिद ईकाइका सदस्यले हस्ताक्षर गरी समितिको छाप लगाएको हुनुपर्ने।

१३) प्रयोग गरेको दररेट कुन निकाय (जिल्ला दररेट/स्थानिय तहको दररेट आदि) को प्रयोग गरेको हो, अनिवार्य रुपमा खुलाई पेश गर्नुपर्ने।

१४) १.५ अग्रिम आय कर (TDS) बाहेक अन्य कर दाखिला गरेको भौचर वा रसिद पेश गर्नुपर्ने।

१५) कार्यक्रम सम्पन्न गरेको खर्च सारवजनिकिकरण गरेको प्रतिलिपी।

१६) सम्बन्धित स्थानिय तह, कृषि विकास शाखाको सिफारिस।

१७) सम्बन्धित वडा कार्यालयको सिफारिस।

२०७८/१२/२३

टोनी बर्देवा

(प्रमुख/निमित्त प्रमुख)